आज मिति २०८२।०५।२४ गते मंगलबारका दिन यस खोटेहाङ गाउँपालिकाको १६२ औं कार्यपालिकाको बैठक अध्यक्ष श्री उदिम बहादुर राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको सदस्यहरुको उपस्थितिमा बसि निम्न निर्णयहरु गरियो।

| हस्ताक्षर | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| | गाउँकार्यपालिका अध्यक्ष | श्री उदिम बहादुर राई | |
| | गाउँकार्यपालिका उपाध्यक्ष | श्री रुपेश राई | |
| | वडा अध्यक्ष १ नं वडा | श्री धन ब. महाराजी | |
| | वडा अध्यक्ष २ नं वडा | श्री पारस राई | |
| | वडा अध्यक्ष ३ नं वडा | श्री जेफर राई | |
| | वडा अध्यक्ष ४ नं वडा | श्री तिलक बहादुर बस्नेत | |
| | वडा अध्यक्ष ५ नं वडा | श्री किरण राई | |
| | वडा अध्यक्ष ६ नं वडा | श्री बसन्त राई | |
| | वडा अध्यक्ष ७ नं वडा | श्री शिव प्रसाद फयल | |
| | वडा अध्यक्ष ८ नं वडा | श्री चन्द्र बहादुर थापा | |
| | वडा अध्यक्ष ९ नं वडा | श्री ईन्द्र बहादुर राई | |
| | कार्यपालिका सदस्य | श्री अन्जु राई | |
| | कार्यपालिका सदस्य | श्री कमला विश्वकर्मा | |
| | कार्यपालिका सदस्य | श्री मिनाकला राई | |
| | कार्यपालिका सदस्य | श्री सुशिला राई | |
| | कार्यपालिका सदस्य | श्री फुर्वा शेर्पा | |
| | कार्यपालिका सदस्य | श्री मान बहादुर वि.क. | |
| | सदस्य सचिव | श्री महेश राई | |

## मिति २०८२ भदौ २४ गते कार्यपालिकाको १६२ औं बैठकको प्रस्ताव

१) "घ" वर्गको निर्माण व्यवासायी इजाजतपत्र सम्बन्धमा

२) पालिका भरिका सडक सफाइ तथा मर्मत सम्बन्धमा

३) विविध

## निर्णयहरु

**निर्णय नं.१:** प्रस्ताव नं. १ माथि छलफल गर्दा "घ" वर्गको निर्माण व्यवासायी इजाजतपत्र प्राप्त गर्न व्यवसायको कम्पनी दर्ताको प्रमाणपत्र, कम्पनीको नियमावली लगायत व्यवसाय सँग सम्बन्धित मेशीन तथा उपकरणहरुको आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश गरेकामा देहायका निर्माण व्यवसायीहरुलाई खोटेहाङ गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ को बुँदा (२) (४) बमोजिम हुने गरी "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय सर्व सहमतिबाट पारित गरियो।

| क्र.सं. | व्यवसायको नाम | व्यवसायको ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री निरमा कन्स्ट्रकसन एण्ड सप्लायर्स | खोटाङ जिल्ला, खोटेहाङ गाउँपालिका वडा नं. ७ | |
| २ | श्री सेल्मे कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | खोटाङ जिल्ला, खोटेहाङ गाउँपालिका वडा नं. ५ | |

**निर्णय नं.२:** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस वर्षको बर्खामा परेको पानिको कारण पालिका भरिका मुख्य सडक तथा भित्री सडकहरुमा भौतिक क्षति भइ सवारी साधन आवतजावत साथै मानिसहरुलाई समेत हिँडडुल गर्न असहज भइ जोखिम बहन गर्नुपर्ने अवस्था रहेको र नेपालीहरुको महान् चाड विजयदशमी समेत नजिकिसकेको सन्दर्भलाई लिएर सवारी साधन र मानिसहरुलाई समेत आवतजावत गर्न सहज होस् भनेर खोटेहाङ गाउँपालिकाको वडा नं. १, २, ३ र ४ मा पालिकाको ब्याक हो लोडर मेशिन तथा वडा नं. ५, ६, ७, ८ र ९ मा सार्वजनिक खरिद प्रक्रिया बमोजिम सिलबन्दी दरभाउपत्र आहवान गरी सडक सफाइ तथा मर्मत सम्भार गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.३:** प्रस्ताव नं. ३ को विविध सम्बन्धमा छलफल गर्नुपर्ने कुनै विषय नरहेकोले आजको बैठक समापन गरियो।